# लिखु पिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**चौंलाखर्क, सोलुखुम्बु**

**कोशी प्रदेश, नेपाल**

प.सं.: २०८१/८२

च.नं.:

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको परिचय पत्र नवीकरण सम्बन्धी सूचना**

**(मितिः- २०८२ असार ३१ गते)**

यस लिखु पिके गाउँपालिका अन्तर्गत आर्थिक वर्ष २०८१/०८२ मा नाम दर्ता गराई नियमित रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आउनुभएका जेष्ठ नागरिक,एकल महिला,बिधवा,जेष्ठ नागरिक दलित,अति अशक्त अपाङ्गता,पुर्ण अपाङ्गता र बाल पोषण भत्ता आदि लिदैं आउनु भएका लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्तानियमावली (पहिलो संशोधन),२०७७ को नियम ९ तथा सामाजिक सुरक्षा कार्याविधि २०७७ को दफा ४ अनुसार आगामी आर्थिक वर्ष २०८२/८३ को लागि सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु पर्ने भएको हुँदा आफ्नो वडा कार्यालयमा गई २०८२ साल श्रावण १ गते देखि भाद्र मसान्त भित्र नवीकरण गर्न गराउनु हुन यसै सूचना मार्फत जानकारी गराइन्छ। नवीकरण अवधि भित्रमा नवीकरण गर्न नआई छुट भएमा लाभग्राही स्वयंम् आफै जिम्मेवार हुने र नविकरण अवधि समाप्त भए पश्चात प्राप्त निवेदन उपर कुनै पनि काम कारवाही नगरिने र पुनःनयाँ नाम दर्ताको निवेदन दिनु पर्ने भएको हुदाँ समय भित्र नवीकरण गर्न गराउन समेत सूचित गरिन्छ। साथै २०८२/०४/०१ बाट बायोमेट्रिक भेरिफिकेशन अनिवार्य रुपमा लागु हुने भएकोले राष्ट्रिय परिचयपत्र नम्बर सहित स्वयंम् व्याक्ति नविकरण समय भित्र आ-आफ्नो वडा कार्यालयमा उपस्थित भइदिनु हुन जानकारीका साथ अनुरोध छ।

**सामाजिक सुरक्षा परिचयपत्र नविकरणका लागी आवश्यक कागजातहरु**

- अनुसुची फारममा उल्लेखित सबै।
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि तिन पुस्ते विवरण।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको परिचयपत्रको प्रतिलिपी।
- अनिवार्य राष्ट्रिय परिचयपत्रको प्रतिलिपी तथा नम्बर।
- बैङ्क खाता नम्बर चेक बुकको फोटोकपी, पासपोर्ट साईजको फोटो २ प्रति।
- विधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को बिबाह नगरेको वडा कार्यालयको सिफारिस।
- सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेको महिलाको हकमा सम्बन्ध विच्छेद प्रमाणपत्रको प्रतिलिपी र अर्को बिबाह नगरेको वडाको सिफारिस पत्र।
- ६० वर्ष उमेर पुगेर बिवाह नगरेको एकल महिलाको हकमा अविबाहित रहेको वडा कार्यालयको सिफारिस।
- अपाङ्ग भएका व्याक्तिहरुको हकमा अपाङ्ग परिचयपत्रको प्रतिलिपि र पुर्ण अपाङ्गता भएका लाभग्राहीको हकमा संरक्षकको नागरिक्ता प्रमाणपत्रको प्रतिलिपी
- बाल पोषणको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिक्ता प्रमाणपत्रको प्रतिलिपि।

पुनश्चःम्याद भित्र नविकरणका लागि निवेदन पेश नगर्ने लाभग्राहीको लगतकट्टा भई सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने व्यहोरा समेत - सूचित गरिन्छ।

**थप जानकारीको लागिः-**

पञ्जीकरण शाखा अमृत बहादुर बस्नेत ९८४३६६९३९८

**बालवालिका -नोटः),आफ्नो हेरचाह आफैं गर्न नसक्ने,अशक्त असाहाय वा नब्बे वर्ष माथिका जेष्ट नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनी लाभग्राहीको रुपमा सूचीकरण वा नवीकरण गरिने छ। (अनिवार्य रुपमा सम्पुर्ण कागजातहरु पेश गर्नु हुन अनुरोध छ।)**

रमेश कुमार कार्की

नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

(कार्यविधि २०७७ को नियम ४ बमोजिम)

## सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि दिने निवेदनको ढाँचा

मितिः२०८२/   /     गते

**विषयः सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धमा।**

लाभग्राहीको हालसालै खिचेको पिपि साइजको फोटो

श्री अध्यक्ष ज्यू,
लिखु पिके गाउँपालिका
वडा नं.
जिल्ला सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८२/०८३ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा अन्य सुविधा पाएको छैन। व्यहोरा साँचो हो, झुठ्ठा ठहरे प्रचालित कानून बमोजिम सहुँला बुझाउँला।

**लाभग्राहीको विवरणः**

नामाथरः
आमाको नामः
बाबुको नामः
बाजेको नामः
लक्षित समुहः
सामाजिक सुरक्षा परिचयपत्र नं
खाता नं.
राष्ट्रिय परिचयपत्र नं.(NIN).

लिङ्गः
सम्पर्क नम्बरः
दस्तखतः.................

| दायाँ | बाँया |
|---|---|
| | |

## संरक्षक/माथवर/स्याहार सुसार गर्ने व्यक्तिको विवरण(बालबालिका वा आफैं उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत/सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मितिमा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनि सहिछाप गर्ने इच्छाएको व्यक्तिको:-

नाम/थर:.................................................... दस्तखत:..............................

भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाता:......................... नागरिकता प्रमाणपत्र नं.-.............

सम्पर्क नम्बर:-............................................... जारी मिति र जिल्ला:-................

## कार्यालय प्रयोजनको लागि

दर्ता नं.................

रुजु गर्ने कर्मचारीको:

नाम/थर:........................................................ दस्तखत:...........................

पद:.................................. मिति:..............................

**आवश्यक कागजात**

- माथि उल्लेखित सबै, सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको व्यक्तिगत परिचयपत्रको प्रतिलिपि,
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, लाभग्राहीको तीनपुस्ते विवरण,
- पासपोर्ट साईजको फोटो १ प्रति, मोबाईल नम्बर, बैङ्क खाता नं.(चेकको फोटो कपि),
- विधुवाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस पत्र,
- ६० बर्ष उमेर पुगेर बिवाह नगरेको एकल महिलाको हकमा अविवाहित रहेको वडाको सिफारिस पत्र,
- अपाङ्ग भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्ग परिचय पत्रको प्रतिलिपि र पूर्ण अपाङ्गता भएको लाभग्राहीको हकमा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेको महिलाको हकमा सम्बन्ध विच्छेद प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस पत्र,
- बाल पोषणको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- लाभग्राहीहरुले राष्ट्रिय परिचयपत्र **NIN** नम्बर समेत संलग्न राख्नुपर्नेछ।

नोट:( माथि उल्लेखित विवरणहरु स्पष्ट र आवश्यक कागजात (अनिवार्य) नभएमा लाभग्राहीको नविकरण नहुने व्यहोरा जानकारी गर्दछु। )